# मरिण गाउँपालिका

## महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता कार्यविधि, २०७५
## पहिलो संशोधन, २०७९

मरिण गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

कपिलाकोट, सिन्धुली

# `"महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता कार्यविधि, २०७५ (पहिलो संशोधन, २०७९)"

कार्यपालिकाबाट स्वीकृत मितिः-२०७९/०५/०५

| सि.नं. | परिच्छेद /दफा | कार्यविधिमा भएको बिद्यमान ब्यहोरा | थप/संशोधन गरिएको व्यहोरा | थप/संशोधनको औचित्य | कै |
|---|---|---|---|---|---|
| १ | १ (१) | कार्यविधिको नाम "महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता कार्यविधि २०७५" | कार्यविधिको नाम "सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यविधि २०७५" | नेपाल सरकारले महिला स्वास्थ्य स्वयंसेविकाको नाम परिवर्तन गरी सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका नामांकरण गरेकोले । | |
| २ | २ (क) | स्वास्थ्य संस्था भन्नाले यस मरिण गाउँपालिका अन्तर्गतका अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरुलाई जनाउदछ । | स्वास्थ्य संस्था भन्नाले यस मरिण गाउँपालिका अन्तर्गतका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्य ईकाईहरुलाई जनाउदछ । | यस गाउँपालिकामा आधारभूत स्वस्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य ईकाई स्वास्थ्य संस्थाहरु थप भएकोले । | |
| ३ | २ (घ) | प्रोत्साहन भत्ता तपसिल बमोजिम उपलब्ध गराईनेछ ।<br>महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रति महिना एकपटक मात्र ३०००,<br>यो रकम प्रत्येक महिना वा ६ महिना वा बार्षिक रुपमा उपलब्ध गराईनेछ। | प्रोत्साहन भत्ता तपसिल बमोजिम उपलब्ध गराईनेछ ।<br>महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रति महिना एकपटक मात्र ४००० (चारहजार रुपैया मात्र),<br>यो रकम प्रत्येक चौमासिक वा अर्दवार्षिक वा बार्षिक रुपमा उपलब्ध गराईनेछ। | स्थानीय सरकारले मासिक रुपमा उपलब्ध गराईने प्रोत्साहन भता बृद्दि गरेकोले। | |
| ४ | ४ | बाधा अड्काउ फुकाउ - यस कार्यबिधिमा जुनसुकै कुरा लेखिएको भएतापनि २०७५ श्रावण देखि नै तोकिएको जिम्मेवारी पुरा गरेका र बैठकमा सहभागि भएका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई यस कार्यबिधि बमोजिमको रकम बितरण गर्न बाधा पर्ने छैन । | यो कार्यविधिमा उल्लेखित वृद्धि भएको पोत्साहन भत्ता आ.व. २०७९/०८० देखि लागु गरिनेछ । | प्रोत्साहन भत्ता भुक्तानीमा दुविधा नहोस भनि स्पष्टताको लागि | |